# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : गङ्गाजमुना गाउँपालिका, धादिंग , गंगाजमुना गाउँपालिका , धादिङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | रामचन्द्र इटनी | २०७८-१०-२५ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | मोतिराम थपलिया | २०७७-१२-१ | |
| कार्यालय प्रमुख | बिनोद रोका | २०७७-४-१ | |
| लेखा प्रमुख | रविन पोखरेल | २०७८-९-१८ | |
| लेखा प्रमुख | गोविन्द जिसी | २०७७-१२-१ | |
| लेखा प्रमुख | अर्जुन प्रसाद सापकोटा | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ३२,८६४,००० |



https://nams.oag.gov.np

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७,८६,४३,२५३.९८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३४,६३,०४,८१० | **चालु खर्च** | २४,३६,५५,०६३.०५ |
| **प्रदेश सरकारबाट अनुदान** | ५,८९,९३,९२० | **पूँजीगत खर्च** | २३,७२,९४,१३७ |
| **राजश्व बाँडफाँट** | ७,१३,००,१७७.०९ | **वित्तीय/अन्य व्यवस्था** | ११,०२,३०,८९३ |
| **आन्तरिक आय** | ५५,२९,६७२.६९ | | |
| **अन्य आय** | ११,०२,३०,८९३ | | |
| **कुल आय** | ५९,२३,५९,४७२.७८ | **कुल खर्च** | ५९,११,८०,०९३.०५ |
| **बाँकी मौज्दात** | | ७,९८,२२,६३३.७१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, १४४.०९ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको र यस पालिकाको जनसंख्या २५८७२ रहेको छ । | |
| २ | | | **वित्तीय प्रतिवेदन**<br>वित्तीय विवरण स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसाबको आर्थिक वर्ष २०७७/७८ को कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छः | |

**आ.व. : २०७७/७८ अवधि : २०७७/०४/०१ - २०७८/०३/३१**

**प्राप्ती भुक्तानी हिसाव**

| विवरण | टिप्पणी | यसवर्ष रु. | | | गतवर्षरु. | |
|---|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैलेगरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५१,५९,४७,७२१.९० | ५०,७०,१६,४०३.६८ | ५०,७०,१६,४०३.६८ | ५७,२६,४०,१६५.०९ | ५७,२६,४०,१६५.०९ |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | ४९,९४,१९,४६० | ४८,२१,२८,५७९.७८ | ४८,२१,२८,५७९.७८ | ४४,७२,४२,३७०.१९ | ४४,७२,४२,३७०.१९ |
| ११००० कर | ११ | ८,४८,१५,४६० | ७,१३,००,१७७.०९ | ७,१३,००,१७७.०९ | ५,५३,५५,९८१.७१ | ५,५३,५५,९८१.७१ |
| १३००० अनुदान | | ४०,१६,४८,००० | ४०,५२,९८,७३० | ४०,५२,९८,७३० | ३२,८८,५३,००० | ३२,८८,५३,००० |
| संघीय सरकार | १२ | ३४,२६,५४,००० | ३४,६३,०४,८१० | ३४,६३,०४,८१० | ३०,०६,२२,००० | ३०,०६,२२,००० |
| प्रदेश सरकार | १२ | ५,८९,९४,००० | ५,८९,९३,९२० | ५,८९,९३,९२० | २,८२,३१,००० | २,८२,३१,००० |
| १४००० अन्य राजस्व | | १,२९,५६,००० | ५५,२९,६७२.६९ | ५५,२९,६७२.६९ | ३९,८४,१७६.७१ | ३९,८४,१७६.७१ |
| ख. अन्य प्राप्ति | | १,६५,२८,२६१.९० | २,४८,८७,८२३.९० | २,४८,८७,८२३.९० | १२,५३,९७,७९४.९० | १२,५३,९७,७९४.९० |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,६५,२८,२६१.९० | १,५६,४७,४३७.९० | १,५६,४७,४३७.९० | १,५८,४१,७८७.९० | १,५८,४१,७८७.९० |
| धरौटी | | ० | ९२,४०,३८६ | ९२,४०,३८६ | ५७,९९,२४५ | ५७,९९,२४५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | १०,३७,५६,७६२ | १०,३७,५६,७६२ |
| **भुक्तानी (ग+घ)** | | **५८,५१,७२,९९६.६०** | **४९,९०,१५,७४५.०५** | **४९,९०,१५,७४५.०५** | **४९,०२,०९,२९३.२३** | **४९,०२,०९,२९३.२३** |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५६,८६,४४,७३४.७० | ४८,०९,४९,२००.०५ | ४८,०९,४९,२००.०५ | ३७,६१,१२,९५१.२३ | ३७,६१,१२,९५१.२३ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १७,२८,२१,००० | १६,३७,४४,५१९.१० | १६,३७,४४,५१९.१० | १५,५८,२०,२२९ | १५,५८,२०,२२९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,५३,८०,३१०.७० | ६,७९,२३,९६८.९५ | ६,७९,२३,९६८.९५ | ९,८४,५२,५५४.२८ | ९,८४,५२,५५४.२८ |
| २५००० सहायता (Subsidy) | १८ | ० | ० | ० | १,९९,३०५ | १,९९,३०५ |
| २७००० सामाजिक सुरक्षा | १८ | १,२२,००,००० | १,०७,८२,९७५ | १,०७,८२,९७५ | १,३९,५९८ | १,३९,५९८ |
| २८००० अन्य खर्च | १८ | १५,००,००० | १२,०३,६०० | १२,०३,६०० | ११,५१,६५१ | ११,५१,६५१ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २८,६७,४३,४२४ | २३,७२,९४,१३७ | २३,७२,९४,१३७ | १२,०३,४९,६१३.९५ | १२,०३,४९,६१३.९५ |
| ३२००० वित्तीय सम्पत्ति | १८ | ० | ० | ० | ० | ० |
| घ. अन्य भूक्तानी | | १,६५,२८,२६१.९० | १,८०,६६,५४५ | १,८०,६६,५४५ | ४९,०२,०९,२९३.२३ | ४९,०२,०९,२९३.२३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| बिषय | | | | | | |
|---|---|---|---|---|---|---|
| कोषहरु | | १,६५,२८,२६१.९० | १,४४,८१,४२८ | १,४४,८१,४२८ | ८१,९८,०८० | ८१,९८,०८० |
| धरौटी | | ० | ३८,६६,०५२ | ३८,६६,०५२ | २१,४१,५०० | २१,४१,५०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | १०,३७,५६,७६२ | १०,३७,५६,७६२ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | (२,८०,९३५) | (२,८०,९३५) | | |
| **ङ. यो वर्षको बचत (न्युन)** | | **(६,९२,२५,२७४.७०)** | **८०,००,६५८.६३** | **८०,००,६५८.६३** | **८,२४,३०,८७१.८६** | **८,२४,३०,८७१.८६** |
| **च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)** | | | **१६,३१,२१,३३६.९६** | **१६,३१,२१,३३६.९६** | **२१,७७,०८४** | **२१,७७,०८४** |
| **वर्षान्तको बाकी रकम (ङ + च)** | | **(६,९२,२५,२७४.७०)** | **१७,११,२१,९९५.५९** | **१७,११,२१,९९५.५९** | **८,४६,०७,९५५.८६** | **८,४६,०७,९५५.८६** |
| | | | | | | |
| **बैंक तथा नगद बाकी** | **२४** | | **१७,३५,०८,३७३.५९** | **१७,३५,०८,३७३.५९** | **११,३९,१८,९८७.०९** | **११,३९,१८,९८७.०९** |

स्थानीय संचित कोष व्यवस्थापन प्रणाली(सूत्र): स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सूत्र)को प्रयोग गरे तापनि तपशील बमेजिमका श्रेस्ता सूत्रमा प्रविष्ट नगरी CGAS खाता राखेकोले पालिकाको हिसाव यथार्थपरक मान्न सकिएन ।

| सि.नं. | विवरण | खर्च |
|---|---|---|
| १ | सामाजिक सुरक्षा | ८६१८६६५५ |
| २ | स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | ४९८७३३५ |
| ३ | प्रदेश पूर्वाधार विकास कार्यक्रम | ४५७५४७५ |
| | जम्मा | ९५७४९४६५ |

३

**आन्तरिक लेखापरीक्षण**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षण दरवन्दी भए तापनि कर्मचारी पदपूर्ति नहुनाले आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।

४

**लेखापरीक्षणको क्रममा असुली**

लेखापरीक्षणको क्रममा दायित्व वापतको रु.२८०९३५।००, सामाजिक सुरक्षा वापतको रु ५००००।००, प्रदेश पूर्वाधार कार्यक्रम कन्टिन्जेन्सी रु.९१०००।००, कन्टिन्जेन्सी वापतको रु.१५०००।०० बेरुजू खाता १५१११ मा, आन्तरिक राजस्व रु.६९९।०० र पदाधिकारीबाट असुल रु ४४२५०।०० गापाको सञ्चितकोष समेत जम्मा रु. ४८१८८४।०० दाखिला भएको प्रमाण पेश भएको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **आन्तरिक नियन्त्रण**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा गरेको पाइएन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा नगरेको<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा नगरेको<br>• कट्टा गरेको कर तोकिएको अवधिमा सम्बन्धित राजस्व खातामा जम्मा नगरेको<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको<br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकिन गरी अध्यावधिक गरेको पाइएन ।<br>• बैक हिसाव मिलान विवरण तयार नगरेको । | |
| ६ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री एञ्जिला तामाङ्गले मिति २०७७।३।१० गते रु.५२ करोड ९९ लाख ६५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका अध्यक्षले २०७७।४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **कर्मचारी दरवन्दी र पदपूर्ति** | |
| ७.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित ११ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत सहित २० पदहरु रिक्त रहेका छन् भने २० जना नै करारमा नियुक्त गरिएका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| ७.२ | | | कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको पाइएन । | |
| ८ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, ५ वटा नियमावली, २८ कार्यविधि, निर्देशिका ९, मापदण्ड ४ समेत ६१ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले सबै कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरे तापनि उक्त कानूनहरु कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| ९ | | | **न्याय सम्पादन**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार गाउँपालिकाको उपाध्यक्षको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ । गाउँपालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन गत बर्षको उजुरी २ यस वर्ष दर्ता भएका २ समेत ४ रहेकोमा ४ फछर्यौट गरेको देखिएको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **चौमासिक पुँजीगत खर्च**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.सं. | बजेट उपशीर्षक | बजेट र खर्च | | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिनाको |
|---|---|---|---|---|---|---|---|
| | | बजेट | खर्च | | | | |
| १ | गंगाजमुना गा.पा. | २२००७८४२४ | १८७३५०४२५ | ११६४२२३३ | ५४०७७७०५ | १२१६३०४८७ | ७१४४८५४० |
| २ | संघीय सरकारबाट हस्तान्तरित | ४११६५००० | ३७८४९९९२ | ४६२२०० | १०६४८४० | ३६३२२९५२ | ३५५२१६९२ |
| ३ | प्रदेश सरकारबाट हस्तान्तरित | २५५००००० | १२०९३७२० | ० | १००३६९० | ११०९००३० | ६०६७७३५ |
| जम्मा | | २८६७४३४२४ | २३७२९४१३७ | १२१०४४३३ | ५६१४६२३५ | १६९०४३४६९ | ११३०३७९६७ |
| | खर्च प्रतिशत | | १००.०० | ५.१० | २३.६६ | ७१.२४ | ४७.६४ |

उपरोक्त विवरण अनुसार बिभिन्न व.उ.शी.नं. मा यस वर्ष रु २३ करोड ७२ लाख ९४ हजार खर्च भएको मध्ये तेस्रो चौमासिकमा मात्र ७१.२४ प्रतिशत र आषाढमा ४७.६४ प्रतिशत खर्च गरेको पाइयो । यसरी आर्थिक वर्षको अन्ततिर मात्र अधिक मात्रामा कार्य सञ्चालन गर्दा सञ्चालित कार्यक्रम तथा निर्मित संरचनाको गुणस्तर तथा दीगोपनामा समेत नकारात्मक असर गर्ने स्थिति रहन्छ । तसर्थ आर्थिक वर्षको अन्ततिर मात्र अत्यधिक खर्च गर्ने प्रबृत्तिमा नियन्त्रण तथा सुधार हुनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **अवण्डा बजेट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. ५० लाख ७९ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम अध्यक्षको तोकादेश अनुसार पूँजीगततर्फ पाइप खरिद, सडक सरसफाई तथा सडक मर्मत सम्भार शीर्षकमा रु.५० लाख ७९ हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **रकमान्तर**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उप नियम ७ वमोजिम कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । सो विपरीत वडा कार्यालयहरूको सिफारिशमा पालिकाको गाउँसभाले रकमान्तर गरी विभिन्न १२३ कार्यक्रममा रु. ६ करोड ८८ लाख ५० हजार कार्यक्रम संशोधन गरी रकम खर्च गरेको देखिएको छ । | |
| १३ | | | **सशर्त रकम फिर्ता**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स. ०७४।७५ च.नं.१०६४ मिति २०७५।०३।०३ को सशर्त अनुदान रकम फिर्ता सम्वन्धी विषयको पत्र अनुसार विभिन्न तीन किस्तामा स्थानीय तहमा हस्तान्तरण भएको र सशर्त अनुदानमा मुख्यतया शिक्षा, स्वास्थ्य र कृषि पशु पंक्षी मन्त्रालय लगायतवाट प्राप्त भएको रकम २०७७ आषाढ मसान्तसम्म खर्च हुन नसकेको रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था भएकोमा सशर्त नेपाल सरकारको बाँकी रकम २०७८।६।१३ मा नेपाल सरकारको सशर्त, समपूरक र विशेष अनुदानको रकम रु.२,३१,८६,९५२।८० बेरुजू खाता(१५१११) मा र प्रदेश सरकारको सशर्त, विशेष सशर्त तथा समपूरक अनुदानको रकम रु.२,५२,५५,८७९। प्रदेश लेखा इकाईमा फिर्ता (१५११३) समेत जम्मा रु.४,८४,४२,८३१।८० फिर्ता गरेको पाइयो । | |

| सि.नं. | शीर्षक | निकासा | खर्च | बाँकी फिर्ता गर्नुपर्ने |
|---|---|---|---|---|
| १ | नेपाल सरकार सशर्त | २१७६३४८१०.०० | १९४४६२७१२.२० | २३१७२०९७.८० |
| २ | नेपाल सरकार समपूरक | २७७००००.०० | २७५५१४५.०० | १४८५५.०० |
| ३ | प्रदेश सरकार सशर्त | २८१३९०००.०० | १३४२८०३०.०० | १४७१०९७०.०० |
| ४ | प्रदेश सरकार समपूरक | १७३५१०००.०० | ७८३४३७१.०० | ९५१६६२९.०० |
| ५ | प्रदेश सरकार विशेष | ३५०००००.०० | २४७१७२०.०० | १०२८२८०.०० |
| | जम्मा | २६९३९४८१०.०० | २२०९५१९७८.२० | ४८४४२८३१.८० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गरेको छैन । | |
| १५ | | | **सूचना प्रविधि**<br>सूचना प्रविधि नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् । सूचना प्रविधि नियन्त्रण वातावरणका सम्बन्धमा लेखापरीक्षणमा निम्नानुसार पाइयो ।<br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधि पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको<br>• सूचना प्रविधि पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वियन नगरेको<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधि लागू नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको | |
| १६ | | | **बजेट सीमा निर्धारण समिति गठन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएको पाइयो । समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्नेमा गरेको पाइएन । | |
| १७ | | | **कार्यक्रम तर्जूमा समिति गठन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार गरेको पाइएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्च<br>
पालिकाको क्षेत्रगत रुपमा कूल बजेट रु ५६ करोड ८६ लाख ४४ हजार र खर्च ४८ करोड ९ लाख ४७ हजार को आधारमा समग्र रुपमा ८४.५७ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।
<table>
<tr><th>सि.नं.</th><th>क्षेत्र/उपक्षेत्र</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>२९४५०</td><td>२००७५</td><td>४.१७</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>२५९२८१</td><td>२२८०४६.</td><td>४७.४२</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>१९२८५४.</td><td>१६१७६९</td><td>३३.६४</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>२३९३५</td><td>१८६४८</td><td>३.८८</td></tr>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>६३१२४</td><td>५२४०९.</td><td>१०.९</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>५६८६४४.</td><td>४८०९४७.</td><td>१००.</td></tr>
</table>
उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ४७.४२ प्रतिशत, कार्यालय सञ्चालन तथा प्रशासनिक १०.९, पूर्वाधार विकास ३३.६४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धितमा ३.८८ प्रतिशत रहेको छ । आर्थिक विकासतर्फ ४.१७ प्रतिशत मात्र खर्च रहेको देखियो ।अत: आर्थिक विकास र सुशासनको क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो ।
</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>
अभिलेख तथा श्रोत नक्साङ्कन<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम प्रोफाइल तयार गरेको पाइएन ।
</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>
चौमासिक र बार्षिक प्रगति<br>
कार्यालयले चौमासिक र बार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीयस्तर, प्रदेशस्तर, जिल्लास्तर तथा केन्द्रीयस्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको पाइएन ।
</td><td></td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा युवा तथा खुलकुँद विकास कार्यक्रममा ७ वटै वडालाई कार्यक्रम गरेवापत रु.५०००००। सांस्कृतिक प्रवर्दन कार्यक्रममा ७ वटै वडालाई रु.६९८८५०।र दीर्घरोगी उपचार खर्च व्यवस्थापनमा रु.५२००००।समेत रु.१७१८८५०। खर्च गरेका छन् । | |
| २२ | | | **सम्पत्ति उपयोग र संरक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा नगरेको पाइयो । | |
| २३ | | | **तलबी प्रतिवेदन**<br>निजामती सेवा ऐन, २०४९ को दफा ७(ख)२ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइयो । | |
| २४ | | | **बेरुजु लगत**<br>बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ । म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका बेरुजु लगत, बेरुजुको कार्यालयगत प्रतिवेदन, बेरुजुको केन्द्रीय कार्यालयगत लगत सम्परीक्षण गोश्वारा अभिलेख म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको पाइएन । | |
| २५ | | | **योजना छनौट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था बमोजिम योजना छनौट र कार्यान्वियन भएको पाइएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>
राजस्व अनुमान र असुली<br>
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्रभित्र कानून अनुसार कर लगाउनुपर्ने तथा असुल गर्नुसक्ने व्यवस्था रहेको छ । जसअनुसार गाउँपालिकाले यो वर्ष विभिन्न शीर्षकमा रु.९७७७१४६०।०० राजस्व संकलन अनुमान गरेकोमा रु.७६८२९८४९।७८ संकलन गरेकोले रु.२०९४१६१०।२२ (अनुमानको तुलनामा २१.४२ प्रतिशत) घटी राजस्व संकलन गरेको छ ।
<table>
<tr><th>राजस्व उपशीर्षक</th><th>अनुमानित बजेट</th><th>प्राप्त रकम रु.</th><th>प्रतिशत</th></tr>
<tr><td>११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर</td><td>७२१११४६०</td><td>६२४८७७०३.३३</td><td>८६.६५</td></tr>
<tr><td>११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर</td><td>१२७०४०००</td><td>८८१२४७३.७६</td><td>६९.३७</td></tr>
<tr><td>१४२१९ अन्य सेवा शुल्क तथा बिक्री</td><td>१२९५६०००</td><td>५५२९६७२.६९</td><td>४२.६८</td></tr>
<tr><td>जम्मा</td><td>९७७७१४६०</td><td>७६८२९८४९.७८</td><td>७८.५८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>
रकम ढिला दाखिला<br>
आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरूले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि र कतिपय वडाले आर्थिक वर्षको अन्तमा मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **शिक्षक दरबन्दी र पदपूर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४८ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छः | |

| क्र.सं | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार/राहत | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ४८ वटा विद्यालय | २०८ | २०२ | १२९ | ८८७४ |

पालिका अन्तर्गत ४८ विद्यालयमा २०८ दरबन्दी रहेकोमा २०२ पदमा पदपूर्ति भएको र पदपूर्ति मध्ये १२९ पदमा अस्थायी तथा राहत शिक्षक रहेको देखिन्छ । ती विद्यालयहरूमा विद्यालय तथ्याङ्क विवरण अनुसार कुल विद्यार्थी सख्या ८८७४ रहेको छ । दरबन्दी अनुसारको शिक्षक पदपूर्ति हुनुपर्दछ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएकोबाट कम भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएका विद्यालयहरू सम्भाव्यताका आधारमा समायोजन गर्नुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td>२५५</td><td>२०७८-४-१४</td><td>

**एक वडा एक नमूना विद्यालय**

प्रत्येक वडामा एक/एक नमूना विद्यालय स्थापनार्थ गंगाजमुना गाउँपालिकाको नमूना विद्यालय कार्यविधि, २०७६ अनुसार सात वटै वडाका निम्नानुसार विद्यालयरुलाई पुस्तकालय वा आइसिटी ल्याव स्थापना गर्न प्रत्येक विद्यालयलाई रु. २ लाखका दरले रु.१४०००००।०० लाख निकासा दिएकोमा विद्यालयबाट पुस्तकालय वा आइसिटी ल्याब स्थापना गरेको प्रमाण पेस नभएकोले गाउँपालिकाबाट अनुगमन गरी तोकिएको कार्यमा खर्च भए नभएको यकिन गर्नुपर्ने रु.

<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>निकासा रकम</th></tr>
<tr><td>१</td><td>देउराली आ.वि. किचेत</td><td>२०००००</td></tr>
<tr><td>२</td><td>बुद्ध आ.वि. कुताल</td><td>२०००००</td></tr>
<tr><td>३</td><td>कल्याण आ.वि. गुम्दी</td><td>२०००००</td></tr>
<tr><td>४</td><td>साल्मेटार आ.वि. गुम्दी</td><td>२०००००</td></tr>
<tr><td>५</td><td>अन्नपूर्ण आ.वि. कल्लेरी</td><td>२०००००</td></tr>
<tr><td>६</td><td>अन्नपूर्ण आ.वि. डाँडागाउँ</td><td>२०००००</td></tr>
<tr><td>७</td><td>सातथर आ.वि. बुढाथुम</td><td>२०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४०००००</td></tr>
</table>

</td><td>१,४००,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | ९१ | २०७८-३-२३ | **अनुदान निकासा**<br>विद्यालय कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७७।७८ मा अनुदान रकम निकासा भैसकेपछि आर्थिक वर्ष समाप्त हुनुपूर्व कार्यसम्पन्न गरी स्थानीय तहमा प्रतिवेदन पेस गर्नुपर्ने तथा स्थानीय तहले आवश्यकता अनुसार अनुगमन गरी अनुदान रकम सदुपयोग सम्बन्धमा अनुगमन गरी यकिन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका विद्यालयहरूलाई पुस्तकालय, आइसिटी प्रयोगशाला, विज्ञान प्रयोगशाला स्थापना तथा व्यवस्थापन, शौचालय निर्माण र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको लागि संघीय सशर्त चालु भौ.नं. ९१।२०७८।३।२३ बाट रु.१५६६७९२।०० र पुँजीगत भौ.नं. २५।२०७८।३।२३ बाट रु.३५८३२०८।०० समेत रु.५१५००००।०० अनुदान निकासा दिएकोमा लेखापरीक्षणको अवधिसम्म विद्यालयहरुले खरिद ऐन नियमको पालना गरी सामग्री खरिद गरेको, पुस्तकालय, विज्ञान प्रयोगशाला, आइसिटी स्थापना तथा व्यवस्थापन गरेको प्रमाण कागजात पेस नभएकोले गाउँपालिकाबाट निकासा भएको रकमको अनुगमन गरी तोकिएको कार्यमा खर्च भए नभएको यकिन गर्नुपर्ने रु. | ५,१५०,००० |

| **सि.नं.** | **विद्यालयको नाम** | **शीर्षक** | **निकासा रकम** |
|---|---|---|---|
| १ | पासाङचोक मा.वि. | माध्यमिक शौचालय स्थापना एवं व्यवस्थापन अनुदान | ७००००० |
| २ | तामाङखर्क मा.वि. | राष्ट्रपति शैक्षिक सुधार | १८००००० |
| ३ | बसेरी मा.वि. | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना एवं व्यवस्थापन | ६५०००० |
| ४ | बसेरी मा.वि. | राष्ट्रपति शैक्षिक सुधार | ७००००० |
| ५ | महालक्ष्मी मा.वि. | आइसिटी प्रयोगशाला स्थापना एवं व्यवस्थापन | ६५०००० |
| ६ | शिवालय मा.वि. | माध्यमिक विज्ञान प्रयोगशाला स्थापना एवं व्यवस्थापन | ६५०००० |
| | | जम्मा | ५१५०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **पेस्की बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ को उपनियम ३ मा कार्यालयले प्रचलित कानून बमोजिम दिएको पेस्की म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फस्यौंट हुन बाँकी पेस्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्दा नियमानुसार म्याद ननाघेको पेस्कीलाई बेरुजु नमानिने उल्लेख छ । पालिकाबाट प्राप्त विवरण अनुसार यो वर्ष कुल पेस्की रु.१७१०१६९०।०० बाँकी रहेकोमा म्याद ननाघेको पेस्की बाँकी नरहेको र देहाय अनुसार रु. १७११०१६९०।०० पेस्की फस्यौंट नभई बाँकी रहेको देखियो । नियमानुसार उक्त पेस्की असुल फस्यौंट हुनुपर्ने रु. | १७,१०१,६९० |

| पेश्की लिएको मिति | भौ.नं. | पेश्की लिने व्यक्ति वा फर्मको नाम | कामको विवरण | म्याद नाघेको |
|---|---|---|---|---|
| ०३/२७/२०७८ | ५० | मंडली  माध्यमिक विद्यालय | विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान | १५००००० ० |
| ०६/१९/२०७७ | ५ | अग्नि  ईनकर्पोरेट | ग्रामिण अस्पताल फूलखर्क र बसेरी स्वास्थ्य चौकीको लागि एम्बुलेन्स खरिद (२ थान) | २१०१६९० |
| | | | जम्मा | १७१०१६९ ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | ४३ | २०७७-१२-२८ | **ईन्टरनेट जडान तथा संचालन खर्च**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका, २०७७।७८ को क्रियाकलाप नं. २.७.१३.१० अनुसार विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत माध्यमिक तहमा ईन्टरनेट जडान तथन संचालन खर्चको लागि माध्यमिक तहलाई प्रति विद्यालय रु.१२०००।०० दरले वार्षिक रुपमा एकमुष्ठ अनुदान उपलव्ध हुने व्यवस्था छ । पालिकाले भौ.नं. ४३ मिति २०७७।१२।२८ बाट तपशील बमोजिमका ८ माध्यमिक विद्यालयलाई रु.८४०००।०० एकमुष्ठ ईन्टरनेट जडान तथा सञ्चालन खर्च वापत रकम उपलव्ध गराइएकोमा ईन्टरनेट जडान गरेको प्रमाण तथा जडित ईन्टरनेटको बिल भरपाई पेस गरेको छैन । अतः ईन्टरनेट जडान तथा सञ्चालनमा भएको खर्चको प्रमाण पेस गर्नुपर्ने रु. | ८४,००० |

| क्र.सं. | विद्यालयको नाम | ईन्टरनेट खर्च |
|---|---|---|
| १ | तामाङखर्क मा.वि. | १२००० |
| २ | बद्री विशाल मा.वि. | १२००० |
| ३ | रि गाउँ मा.वि. | १२००० |
| ४ | पासाङचोक महादेव मा.वि. | १२००० |
| ५ | बसेरी मा.वि. | १२००० |
| ६ | महालक्ष्मी मा.वि. | १२००० |
| ७ | शिवालय मा.वि. | १२००० |
| | जम्मा | ८४००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td></td><td></td><td>
कोभिड १९ नियन्त्रण खर्च
गंगाजमुना गाउपालिका प्रकोप कोष व्यवस्थापनको आय र व्ययको विवरण देहाय बमोजिम छ ।
<table>
<tr><td>क्र.सं.</td><td colspan="2">आयतर्फ</td><td colspan="2">व्ययतर्फ</td></tr>
<tr><td></td><td>शीर्षक</td><td>रकम</td><td>शीर्षक</td><td>रकम</td></tr>
<tr><td>१</td><td>गत आ.ब. को मौज्दात</td><td>७२२४३९८</td><td>आईसोलेशन भबन निर्माण</td><td>३३१८४१०</td></tr>
<tr><td>२</td><td>नेपाल सरकार कोभिड अनुदान</td><td>०</td><td>औषधि खरिद तथा स्वास्थ्य उपकरण</td><td>२८४११२५</td></tr>
<tr><td>३</td><td>प्रदेश सरकारबाट प्राप्त</td><td>१५००००० </td><td>कोभिड-१९ रोकथाम</td><td>०</td></tr>
<tr><td>४</td><td>आन्तरिक श्रोतबाट प्राप्त</td><td>०</td><td>कोरोना नियन्त्रणको लागि खटाइएका व्यक्तिको पारिश्रमिक</td><td>२२१०००</td></tr>
<tr><td>५</td><td>अन्य श्रोतबाट प्राप्त</td><td>३०६४७९१</td><td>अन्य खर्च वार्डको तथा विविध खर्च</td><td>४७८०५८३</td></tr>
<tr><td></td><td></td><td>०</td><td>बैंक वाकी</td><td>०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>११७८९१८९</td><td>जम्मा</td><td>११७८९१८९</td></tr>
</table>
कोभिड नियन्त्रण कोष बनाई खर्च नगरी पालिकाले प्रकोप व्यवस्थापन कोषबाट कोभिड १९ सम्बन्धी खर्च गरेको छ । यस वर्ष रु १११६१११८।०० खर्च देखिए तापनि सो शीर्षकबाट सामाजिक सुरक्षा वापतको रकम रु १५४१८८१।०० भुक्तानी भएको छ । यस कोषबाट सबैभन्दा ठूलो खर्च आइसोलेसन भवन निर्माणमा रु ३३१८४९२।०० भएको छ भने उक्त कार्य सप्तरंगी कन्सट्रक्सन बाट ठेक्कामार्फत गरिएको छ । यस वर्ष कोभिड १९ नियन्त्रणतर्फ आइशोलेसन भवन निर्माण, नाका नियन्त्रणमा खटाइएका व्यक्तिहरुलाई पारिश्रमिक , क्वारेन्टिन सन्चालन खर्च ,औषधि तथा सर्जिकल सामग्री खरिद जस्ता कार्यमा खर्च गरिएको छ । औषधि तथा सर्जिकल सामाग्री सोझै खरिद गरिएको छ । कोभिड १९ नियन्त्रण सम्बन्धी सम्पूर्ण खर्च एउटै खाताबाट आम्दानी र खर्च गरी यथार्थ विवरण राख्नुपर्नेमा फ्रन्टलाइनमा खटिएका कर्मचारीलाई जोखिम भत्ता रु २४१७२१५।०० भने गाउँपालिका चालुबाट खर्च गरिएको छ । एउटै खाता राखी आम्दानी र खर्चको व्यवस्थित र यथार्थ अभिलेख राख्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३४</td><td></td><td></td><td>चिम्चोक-पोखराडाडाँ भ्यू टावर<br>भ्यूटावर निर्माणका लागि रु २३०४९४६।०० को लागत अनुमान बनाई इ-विड गरी एकमात्र बोलपत्र दाताले बोलपत्र दर्ता गराएको पावर नेपाल कन्सट्रक्सन एण्ड सप्लायर्स प्रालि सँग रु २०५८१२४।०० मा  कार्यसम्पन्न गर्ने गरी मिति २०७७ पौष १५ मा ठेक्का  सम्झौता भएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन<br>:<br>BOQ मा  भ्यू टावरको जग खन्ने, RCC भऱ्याङ बनाउने, ४ वटा पिल्लर उठाउने र १ तला ढलान गर्ने सम्मको कार्य रहेको छ । लेखापरीक्षणको क्रममा मिति २०७८।११।२९ मा फिल्ड भिजिट गर्दा भऱ्याङ फलामको राखेको पाइयो । भुक्तानी दिनुपूर्व अनुगमन गर्दा भऱ्याङ ढलान गरी टेका लगाई राखेको आधारमा नापी गरी सोही अनुरुप भौ.नं ३८६।२०७८।३।२७ बाट रु १९४९११५।०० भुक्तानी दिइएको , भुक्तानी पश्चात भऱ्याङको टेका निकाल्दा भऱ्याङ भत्किएपछि अस्थायी रुपमा फलामको भऱ्याङ राख्न लगाएको पालिका प्राविधिकको भनाई रहेको छ । RCC भऱ्याङको काम गर्नुपर्नेमा सो नगरी BOQ अनुसार मेजरमेन्ट गरी देहाय बमोजिमको भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु
<table>
<tr><th>नापी कितावको आइटम नं</th><th>काम</th><th>परिमाण(घ.मि )</th><th>दर</th><th>रकम</th></tr>
<tr><td rowspan="2">6.RCC -m20</td><td>Staircase (inner)</td><td rowspan="2">६.८३</td><td rowspan="2">१३०००</td><td rowspan="2">८८७९०</td></tr>
<tr><td>slab for staircase (inner)</td></tr>
<tr><td rowspan="2">7.Formwork</td><td>Staircase (inner)</td><td rowspan="2">४०.३६</td><td rowspan="2">४५०</td><td rowspan="2">१८१६२</td></tr>
<tr><td>slab for staircase (inner)</td></tr>
<tr><td>8.Reinforcement</td><td>Staircase (inner)</td><td>८०४.२३</td><td>१२०</td><td>९६५०८</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>२०३४६०</td></tr>
</table></td><td>२०३,४६०</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>वीमा तथा ल्याव टेष्ट<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा १० लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्यमा निर्माण व्यवसायीले यस नियममा व्यवस्था भएबमोजिम वीमा गराउनुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का तथा उपभोक्ता समिति मार्फत गराएका कुनै पनि निर्माण कार्यको वीमा र उक्त कार्यमा प्रयोग भएका मटेरियलहरुको ल्याव टेस्ट समेत गराएको पाइएन । जसका उदहारणहरु देहाय बमोजिम छन । ल्याव टेस्ट नगराएकोले पालिका अन्तर्गत सन्चालित आयोजनाहरुमा गुणस्तरीय मटेरियलहरु प्रयोग भयो भन्ने कुरामा आश्वस्त हुन सकिएन । नियमावलीको व्यवस्था बमोजिम वीमा तथा गुणस्तर आश्वस्थताका लागि ल्याव टेस्ट गराई कार्य गर्नेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।
<table>
<tr><th>आयोजना</th><th>निर्माण व्यवसायी</th><th>कार्यसम्पन्न रकम</th><th>काम</th><th>ल्याव टेस्ट तथा वीमा गर्नुपर्ने रकम</th></tr>
<tr><td>बुढाथुमबेसी सुकौरा ओडारे खिरबोटे सडक</td><td>पावर नेपाल कन्सट्रक्सन एण्ड सप्लायर्स</td><td>४४४०८७६</td><td>सोलिङ ,पिसिसी, ग्याविन</td><td>१६४९८६७</td></tr>
<tr><td>तिनखण्डे मजुवा डाडाँगाउँ भैसे मान्चु सडक</td><td>सप्तरंगी कन्सट्रक्सन</td><td>३७०३१५०</td><td>ग्याविन तथा सोलिङ</td><td>२३२०३८७</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>प्रोभिजनल सम<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नुअघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले प्रोभिजनल समको रकम भुक्तनी दिंदा निर्माण व्यवसायीले पेश गरेको विलका आधारमा उपयुक्तता परीक्षण गरी दिनुपर्दछ । देहायका निर्माण व्यवसायिलाई अन्तिम विल भुक्तानी गर्दा घटी विल पेश भएपनि BOQ अनुसारकै रकम भुक्तनी दिएकोले बढी भुक्तानी रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>भौ.न/मिति</th><th>आयोजना</th><th>निर्माण व्यवसायी</th><th>वीमा वापतको भुक्तानी रकम</th></tr>
<tr><td>२५७।२०७८।३।१६</td><td rowspan="2">बुढागुम हटिया गैरीगाउँ खानेपानी वडा नं ७</td><td rowspan="2">सप्तरंगी क्न्सट्रक्सन</td><td rowspan="2">२००००</td></tr>
<tr><td>४९।२०७७।९।५</td></tr>
<tr><td>१४४।२०७७।१२।१९</td><td>गद्देडाडाँ अधेरीखोला महालक्ष्मी सडक निर्माण</td><td>आर डी एस निर्माण सेवा</td><td>२००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४००००</td></tr>
</table></td><td>४०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **निस्कृय खाता**<br>सामाजिक सुरक्षा कार्यक्रम कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष वडा नं. १ र २ को दोश्रो र तेश्रो चौमासिक र वडा नं. ३ देखि ७ सम्म तीनवटै चौमासिकको भत्ता बैङ्क मार्फत वितरण गरेकोमा कार्यविधि अनुसार बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा लाभग्राहीको विवरण प्राप्त गरेको छैन । कार्यविधिको पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३८ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्बेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत यस गाउँपालिका भित्रका वडाहरुमा सडक मर्मत ,सोलिङ, गोरेटो बाटो निर्माण लगायतका ३६ वटा आयोजना सन्चालन गरी ज्याला वापत रु ११४९३०००।०० भुक्तानी भएको छ । यस वर्ष पालिकामा ९१४ सूचीकृत बेरोजगार रहेको मध्ये २८९ जनाले न्यूनतम ३२ दिनदेखि अधिकतम ९५ दिन गरी जम्मा २२५४५ दिन रोजगारी पाएका छन । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सन्चालन तथा व्यवस्थापन ) कार्यविधि, २०७७ को दफा १२(घ) मा बैक शाखा पुगेका स्थानीय तहले श्रमिकको ज्याला हिसाव गरी श्रमिकको खातामा निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकामा बैक शाखा पुगे तापनि पालिकाले उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिको नाममा श्रमिकको ज्याला भुक्तानी गरी उपभोक्ता समितिले श्रमिक ज्याला नगदै वितरण गरेको पाइयो । वडा नं ५ बाहेक अन्य वडाहरु गाउँपालिका भन्दा टाढा रहेको र सबै श्रमिकको बैक खाता खोल्न नसकिएकोले उपभोक्ता समितिमार्फत भुक्तानी गरेको पालिकाको भनाई छ । कार्यविधिको व्यवस्था अनुरुप श्रमिकको खाता खोली भुक्तानी दिनुपर्दछ । | |
| ३९ | | | **भ्रमण विल**<br>आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । भौ.नं. ११४/१२/२१ कृषि माटो परिक्षणको लागि रु. २५००००। पेश्की लिएकोमा निरज मिश्रले पेश्की फछ्र्यौट गर्दा रु.२२९१९९। खर्च गरी रु.५९२२। दाखिला गरी पेश्की फछ्र्यौट गर्दा पेश भएको दैनिक भ्रमण भत्ता विल रु. २०८००। को पेश भएकोमा स्वीकृति भएको पाइएन । भ्रमण आदेश र दैनिक भ्रमण भत्ता विल स्वीकृति वेगरको खर्च रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | २०,८०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>हेफर<br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ४६ बमोजिम जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सवलीकरण, मूल प्रवाहीकरण जस्ता कार्य गैरसरकारी संस्थामार्फत गराउदा छिटो, छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थामार्फत तोकिएबमोजिमको प्रकृया अपनाई त्यस्तो कार्य गराउन सक्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियामावली, २०६४ को नियम ९९ अनुसार गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवस्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति र कार्य सन्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । नियम ९९(२) मा सार्वजनिक निकायले दश लाख रुपैयाँसम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तिमा १५ दिनको अवधि दिइ राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गरी प्रस्ताव स्वीकृत भएका प्रस्ताव दातासँग सम्झौता गरी कार्यसम्पन्न गर्नुपर्ने उल्लेख छ।पालिकाले यस वर्ष हेफर नामक गैरसरकारी संस्थासंग "कृषि तथा पशु उद्धमशीलता विकास परियोजना " कार्यक्रम साझेदारीमा सञ्चालन गर्नका लागि २०७८।१।२१ गते देखि २०८०।३।१६ सम्म साझेदारी कायम रहने गरी सम्झौता गरेको छ । जस अन्तर्गत कुल बजेट ४,७४,६६,६६७। रहेकोमा पालिकाको ७५% र हेफरको २५% साझेदारी रहने गरी सम्झौता भएको पाइयो। सम्झौता अनुरुप यस आ.व. मा विभिन्न कार्यक्रम सञ्चालन गर्न भौ.नं. २२७/२०७८।३।४ बाट पेश्की रु.६,००,०००। लिएकोमा भौ.नं. ३२६/३/२३ पेश्की फर्छयौट गरी खर्च लेखेको छ । संघ तथा प्रदेश सरकारबाट प्राप्त समानिकरण तथा समपुरकको रकम पालिकाबाट प्रतिस्पर्धा नगराई सोझै सम्झौता गरी खर्च गरेको पाइयो ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>दै.भ्र.भत्ता<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट मासिक सुविधा बापत पाउने व्यवस्था गरेकोमा सम्मानित सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरेको छ । जसअनुसार बागमती प्रदेश सरकारले प्रथम संशोधन गरी २०७७ बैशाख ३ मा राजपत्रमा प्रकाशन गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूची १ (क) मा उल्लेख भएको सुविधामात्र दिन मिल्ने देखिन्छ । यस पालिकाका अध्यक्ष तथा कार्यपालिका सदस्यको दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा तोकेको भन्दा फरक बढी दरमा भुक्तानी भएकोले ऐनमा उल्लेख भएको भन्दा बढी दरको भुक्तानी रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.
<table>
<tr><td>भौ. नं. /मिति</td><td>नाम पद</td><td>भ्रमण अवधी</td><td>भुक्तानी दर १८००</td><td>पाउनुपर्ने दर १६००</td><td>बढी भुक्तानी</td></tr>
<tr><td>भौ. नं. /मिति</td><td>कार्यपालिका सदस्य तथा वडा अध्यक्ष</td><td>भ्रमण अवधि</td><td>भुक्तानी दर १५००</td><td>पाउनुपर्ने दर १२००</td><td>बढी भुक्तानी</td></tr>
<tr><td rowspan="4">६१/०७७/८/१८</td><td>वडा नं ३ राम ब. तामाङ्ग</td><td>०७७/७/११ - ७/१७</td><td>९३७५</td><td>७५००</td><td>१८७५</td></tr>
<tr><td>वडा नं. २ फैंसिङ्ग तामाङ्ग</td><td>०७७/५/२० - ५/२६</td><td>९३७५</td><td>७५००</td><td>१८७५</td></tr>
<tr><td></td><td>०७७/६/११ - ६/१७</td><td>९३७५</td><td>७५००</td><td>१८७५</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>३७५०</td></tr>
</table></td><td>५६,२५०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | वडा अध्यक्ष बाबुराम न्यौपाने | ०७७/४/७ - ४/१३ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | ०७७/५/२२ - ५/२८ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | | | जम्मा | ३७५० | | |
| | | | | | सदस्य तुले कामि | ०७७/६/२ - ६/८ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | ६१/०७७/८/१८ | वडा नं. ७ हरि मान श्रेष्ठ | ०७७/६/५ - ६/११ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | ०७७/१२/१० - १२/१७ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | २८७/०७८/३/२४ | | ०७८/१/१३ - १/१९ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | ०७८/२/७ - २/१३ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | | | | ७५०० | | |
| | | | | ९७/०७७/१०/११ | विजय कु. गुरुङ्ग | ०७७/७/१५ - ७/२१ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | ०७७/५/२५ - ५/३१ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | ०७७/६/१० ६/१६ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | १२१/०७७/१०/३० | | ०७७/९/५ - ९/११ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | ०७७/१०/१८ - १०/२४ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | २७४/०७८/३/२३ | | ०७८/२/२१ - २/२७ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | ०७८/३/१ - ३/७ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | जम्मा | १३१२५ | | |
| | | | | | विवाह माय  गुरुङ्ग | ०७७/८/३ - ८/९ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | ६१/०७७/८/१८ | वडा नं.७ कृष्ण बहादुर दाहाल | ०७७/४/२ - ४/८ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | ०७७/५/१० - ५/१६ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | १७३/०७८/१/२१ | | ०७७/७/१८ - ७/२४ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | ०७७/८/८ - ८/१४ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | ०७७/९/५ - ९/११ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | २७४ /०७८/३/२३ | | ०७७/१०/१६ - १०/२२ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | ०७७/११/२१ - ११/२७ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | ०७७/१२/११ - १२/१७ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | | | | १५००० | | |
| | | | | २७४ /०७८/३/२३ | वडा नं २ भक्त बाहादुर लामा | ०७८/१/६ - १/१२ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | ०७८/२/११- २/१७ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | | | | ३७५० | | |
| | | | | | बिष्णु नारायण श्रेष्ठ | ०७८/१/६ - १/१२ | ९३७५ | ७५०० | १८७५ | | |
| | | | | | | ०७८/२/११- २/१७ | ९३७५ | ७५०० | १८७५ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ३७५०<br>जम्मा ५६२५० | |
| ४२ | | | **ननफाइलर**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायको फर्मलाई मु.अ. कर ११११५४ समेत रु.८५८००। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि कर विवरण नबुझाई ननफाइलर रहेको पाइयो । कानूनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रामाण पेश गर्नुपर्ने रु | ११,१५४ |
| ४३ | | | **महिला तालिम**<br>आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ । भौ.नं. २९७/०७७८/३/२५ बाट वडा नं. १ को महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गर्न वडा बजेट रु.३,००,०००। र गा.पा. बाट रु. १,००,०००। गरी जम्मा रु.४,००,०००। महिला सशक्तिकरण कार्यक्रमा उ.स. ले खर्च गरेको पाइयो । सिलाई बुनाई तथा मुढा बुनाई तालिम सञ्चालन गरेकोमा सिलाई मेशिन १५ वटा खरिद गरेको पाइयो । तर सो कार्यक्रमको समय तालिका, तालिममा सहभागिता संख्या, तालिममा सहभागीको उपस्थिति र सो खरिद गरिएको सिलाई मेशिन कसलाई हस्तान्तरण गरियो सोको प्रमाण पेश गर्नुपर्ने रु. | ४००,००० |
| ४४ | | | **सामी**<br>सुरक्षित आप्रवासन परियोजना (सामि) कार्यक्रम अन्तर्गत पालिकाले यस वर्ष कर्मचारीको तलब, भत्ता, भ्रमण खर्च, लगायत शीर्षकमा जम्मा रु. ९लाख ८५ हजार खर्च लेखेको छ। गाउँपालिका तथा सामि परियोजना वीच यस वर्ष कार्य गर्नका लागि भएको करारपत्र तथा अघिल्लो वर्षको करार निरन्तरता भएकोमा सोको लागि करारको नविकरणपत्र समेत पेश नभएकोल हुँदा सम्झौता बमोजिम खर्च भए नभएको यकिन गर्न नसकिएकोले सम्झौता पत्र तथा नविकरण पत्रको प्रमाण पेश गर्नुपर्ने रु. | ९८५,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>

**प्रतिवेदन भत्ता**

कार्य सञ्चालन निर्देशिका, २०७५ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठी, सेमिनार लगायतका कार्यक्रमा सञ्चालन गर्दा यसमा भएको व्यवस्थालाई मापदण्डको आधार लिई खर्च गर्नुपर्ने व्यवस्था छ। जस अन्तर्गत गाउँपालिका तहको तालिम सञ्चालन गर्दा कुनै पनि तालिमको प्रतिवेदन वापत दिनको रु.१०००। को दरले एक जनाले प्राप्त गर्नुपर्ने उल्लेख छ । शिक्षा अधिकृत सुनिता खतिवडाले रु.२०००००।०० पेश्की लिई फर्छ्यौट गर्दा सो नर्म्सभन्दा बढी दरमा दिनको १०००। का दरले प्रतिवेदन भत्ता दिनुपर्नेमा निम्न बमोजिमको कार्यक्रमको प्रति दिनको ४०००। का दरले दिई खर्च देखाई पेश्की फर्छ्यौंट गरेको पाईयो। नर्म्सले तोकेको भन्दा बढी दरमा भुक्तानी गरेको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

<table>
<tr><th>गो.भौ.नं. /मिति</th><th>कार्यक्रमको विवरण</th><th>भुक्तानी हुनुपर्ने दर १०००</th><th>भुक्तानी भएको दर ४०००</th><th>बढी भुक्तानी</th></tr>
<tr><td rowspan="4">२६६/०७८/३/२२</td><td>बाल शिक्षकको लागि बालमैत्री सिकाई तालिम २ दिनको</td><td>२०००</td><td>८०००</td><td>६०००</td></tr>
<tr><td>वि.व्य. समिति,शिक्षक तथा अभिभावकहरुको योजना निर्माण तथा सिकाई सुधार तालिम २ दिनको</td><td>२०००</td><td>८०००</td><td>६०००</td></tr>
<tr><td>शिक्षकको लागि कम्प्यूटर तालिम ३ दिने</td><td>३०००</td><td>८०००</td><td>५०००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>१७०००</td></tr>
</table>
</td><td>१७,०००</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>

अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि पेश हुन आएन । गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छः (रु. हजारमा)

<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष सम्परीक्षण गरिएको बेरुजू(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू</th></tr>
<tr><td>९१४६०</td><td>०</td><td>९१४६०</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | अद्यावधिक बेरुजू<br>यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ  (रु.हजारमा) | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | सम्परीक्षणबाट कायम बेरुजू(D) | अद्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ९१४६० | ० | ३२८६४ | ० | १२४३२४ |


https://nams.oag.gov.np